# देवताल  गाउँपालिकाको विनियोजन विधेयक, २०७८

**देवताल  गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

गाउँ सभाबाट स्वीकृत मिति :२०७८।०३।१६
प्रमाणीकरण मिति : २०७८।०४।०१

२०७८ सालको विधेयक नं.१

**प्रस्तावनाः** देवताल  गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम देवताल  गाउँपालिकाको गाउँ सभाले यो विनियोजन विधेयक स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"देवताल  गाउँपालिकाको विनियोजन ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गते बाट  प्रारम्भ हुने छ ।

२. **परिभाषाः**

(क) "गाउँ सभा" भन्नाले देवताल  गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले देवताल  गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले देवताल  गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "विषयगत शाखा" भन्नाले देवताल  गाउँपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, एकाइ, कार्यालय तथा अन्य प्रशासनिक एकाइ समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले देवताल  गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त देवताल  गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लेखित चालू खर्च, पुंजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.३७,२८,५६,०००/- (अक्षेरुपी सैंतिस करोड अठ्ठाइस लाख छपन्न हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

चन्दन कुमार सिंह
अध्यक्ष

४. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को लागि देवताल गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी पुँजिगत शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर, चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

चन्दन कुमार सिंह
अध्यक्ष

## अनुसूचि-१

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | गाउँ कार्यपालिका स्तरीय योजना | ६,९९,८५,०००/- | १२,०८,७१,०००। | | १९,०८,५६,०००। |
| २ | | वडा समिति स्तरीय योजना | | २,८०,००,०००। | | २,८०,००,०००। |
| ३ | | बिषयगत शाखा तथा शसर्त | | | | १४,४०,००,०००। |
| ४ | | ऋणको सावा व्याज भुक्तानी ( सङ्घीय र प्रदेश सरकारको फ्रीज रकम फिर्ता गर्नुपर्ने ) | | | | १,००,००,०००। |
| ५ | | लगानी( शेयर/ऋण) | | | | |
| | | जम्मा | | | | रु.३७,२८,५६,०००।- |

प्रमाणीकरण गर्नेको :

सही :

नाम : चन्दन कुमार सिंह

पद : गाउँपालिका अध्यक्ष (गाउँ सभा अध्यक्ष)

प्रमाणीकरण मिति : २०७८।०४।०१

चन्दन कुमार सिंह
अध्यक्ष